# कावासोती नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## आन्तरिक आय (विज्ञापन कर) को ठेक्का सम्वन्धी शिलबन्दी प्रस्ताव आव्हानको सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०७८/०८/१९**

यस कावासोती नगरपालिका क्षेत्रभित्र राखिने सम्पुर्ण प्रचार प्रसार सामाग्रीहरुको व्यवस्थापन गरी नगरसभा बाट पारित दर रेट बमोजिम कर संकलनका लागी ठेक्का लगाउनु पर्ने भएकाले सो कार्य गर्न इच्छुक संस्था वा फर्मले तपशिलमा उल्लेखित मिति र समय भित्र शिलवन्दी प्रस्ताव दर्ता गराउनुहुन सवैको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

१. सूचना प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समय सम्म रु. १०००।- (एक हजार मात्र) को राजश्व दाखिला गरि प्रस्ताव निवेदन प्राप्त गर्न सकिनेछ । र १६ औं दिनको १२ बजेसम्म कार्यालयबाट उपलब्ध गराइएको प्रस्ताव फाराम भरी एकसाथ राखि (शिलबन्दी) कार्यालयमा दर्ता गराइसक्नुपर्नेछ । शिलबन्दी प्रस्ताव दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदाको भोलीपल्ट प्रस्ताव दर्ता गर्न सकिनेछ । राजश्व दाखिला रकम फिर्ता हुने छैन ।

२. ठेक्काको न्युनतम बार्षिक कबोल अंक रु. ३,००,०००।- (अक्षरुपी तीन लाख मात्र) हुनेछ ।

३. नगरसभा बाट पारित दररेट र प्रस्ताव फाराममा उल्लेखित शर्तहरु पालना गर्नु पर्नेछ ।

४. रितपूर्वक दर्ता हुन आएका प्रस्तावहरु १६ औं दिनको २ बजे प्रस्तावक स्वयम् वा निजको प्रतिनिधिको रोहवरमा कार्यालयमा खोलिनेछ । प्रस्तावदाताहरुको प्रतिनिधि उपस्थीत नभए पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन ।

५. प्रस्तावमा आफुले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट बुझ्ने गरी लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । प्रस्तावसाथ सँस्था दर्ता तथा नवीकरणको प्रतिलिपी, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न राख्नुपर्नेछ ।

६. ठेक्का अंकको सम्पूर्ण रकम एकमुष्ठ सम्झौताका बखत बुझाउनु पर्नेछ । अन्य आर्थिक वर्षका लागि आर्थिक वर्षको सुरुमा रकम दाखिला गरी सम्झौता नविकरण गर्नुपर्नेछ ।

७. बन्द, हड्ताल लगायतका कुनै कारणले ठेक्का मा कुनै वाधा आएमा त्यस बापत यस कार्यालयबाट कुनै पनि क्षतिपुर्ती मिनाहा दिईने छैन ।

८. ठेक्काको अवधि आ.व. २०७८/०७९ देखि तिन (३) आ.व.का लागी हुनेछ । प्रस्तावकले प्रस्तावमा प्रत्येक वर्ष वृद्धि हुने रकम कम्तीमा १० प्रतिशत उल्लेख गर्नुपर्नेछ ।

९. यस सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ । कुनै अस्पष्टता वा विवाद भएमा कावासोती नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

१०. यस सम्वन्धी अन्य कुनै जानकारी चाहिएमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**